प्रमुख सचिव

# खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

प्रदेश सरकार

**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**

कोशी प्रदेश, विराटनगर

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर नेपाल

प्रमुख सचिव

# खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** कोशी प्रदेशमा दुग्ध तथा मासु जन्य पदार्थको उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न र दुग्ध तथा मासु उत्पादनको क्षेत्रमा दिगो रुपमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्य प्राप्त गर्नका लागि यस क्षेत्रमा पशुहरुको महामारी रोग खोरेत नियन्त्रण तथा क्रमशः उन्मूलन गर्न प्रदेश सरकारबाट सञ्चालन हुने खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र अपेक्षित प्रतिफल उन्मुख बनाउन बाञ्छनीय भएकोले प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले कोशी प्रदेशको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले कार्यक्रम वा आयोजना सञ्चालन भएको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(घ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनुपर्छ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश सम्झनुपर्छ।

(च) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ।

(छ) "राष्ट्रिय रिफ्रेन्स प्रयोगशाला" भन्नाले संघीय सरकार अन्तर्गतको खोरेत तथा सिमाबिहिन पशु रोग अन्वेषण प्रयोगशाला, वुढानिलकण्ठ, काठमाण्डौ सम्झनुपर्छ।

(ज) "प्रयोगशाला" भन्नाले संघीय सरकार अन्तर्गतको पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, विराटनगर सम्झनुपर्छ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

(झ) "पशु सेवा शाखा" भन्नाले स्थानीय तह कार्यपालिका अन्तर्गतको पशुपन्छी क्षेत्र हेर्ने शाखा सम्झनुपर्छ।

(ञ) "खोप" भन्नाले खोरेत रोग विरुद्धको खोप सम्झनुपर्छ।

(ट) "रोग" भन्नाले खोरेत रोग सम्झनुपर्छ।

(ठ) "निगरानी समूह" भन्नाले शंकास्पद रोगी पशुहरुको आवत जावत र पशु सेवा शाखामा सोको सूचना प्रेषणका लागि स्थानीय तहको वडास्तरमा गठित समूह सम्झनुपर्छ।

(ड) "निगरानी केन्द्र" भन्नाले अवैध तथा शंकास्पद रोगी पशुहरुको आवतजावत नियन्त्रण तथा निगरानी गर्न स्थानीय तहद्वारा स्थापित निगरानी केन्द्र सम्झनुपर्छ।

(ढ) "प्राविधिक" भन्नाले पशु स्वास्थ्य क्षेत्रमा काम गर्ने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, कम्यूनिटी लाइभस्टक एशिसटेन्ट, भेटेरिनरी जुनियर टेक्निकल एशिसटेन्ट, भेटेरिनरी जुनियर टेक्निसियन र पशु चिकित्सकलाई सम्झनुपर्छ।

(ण) "आयोजना" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गत संचालित खोरेत रोग नियन्त्रण आयोजना सम्झनुपर्छ।

(त) "कार्यक्रम" भन्नाले कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण तथा उन्मूलनार्थ संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा आयोजना अन्तर्गत संचालित कार्यक्रम/क्रियाकलाप सम्झनुपर्छ।

(थ) "आयोजना कार्यान्वयन इकाई" भन्नाले खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाई सम्झनुपर्छ।

(द) "जोन" भन्नाले नेपाल सरकारद्वारा जारी गरिएको जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८ बमोजिम जोनिङ्गको प्रक्रिया अपनाई मन्त्रालयले तोकेको चार किल्ला भित्रको क्षेत्र सम्झनुपर्छ।

(ध) "कम्पार्टमेन्ट" भन्नाले नेपाल सरकारद्वारा जारी गरिएको 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८' बमोजिम कम्पार्टमेन्टलाइजेसनको प्रक्रिया अपनाई निर्धारण गरिएको पशुको फार्म वा बथान वा जलाशय सम्झनुपर्छ।

(न) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

३. <u>उद्देश्यः</u> यस आयोजनाको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण तथा उन्मूलन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा रोग नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

(ख) मन्त्रालयबाट यस प्रदेशमा निर्धारण गरिएको जोन तथा कम्पार्टमेन्टलाई तोकिएको विधि र प्रक्रिया अवलम्बन गर्दै खोरेत रोगबाट मुक्त गर्ने।

(ग) खोरेत रोग मुक्त जोन तथा कम्पार्टमेन्टको अन्तर्राष्ट्रिय मान्यताको लागि आवश्यक पूर्व तयारी गरी पशु सेवा विभाग मार्फत विश्व पशु स्वास्थ्य संगठनमा निवेदन दिने।

(घ) खोरेत रोग मुक्त पशुजन्य पदार्थको निर्यातमा टेवा पुर्‍याउने।

## परिच्छेद- २

## आयोजना सञ्चालनमा संलग्न निकाय तथा सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

४. **आयोजनामा सञ्चालनमा संलग्न संघीय निकायहरुको भूमिका:** यस आयोजना सञ्चालनमा संलग्न संघीय निकायहरुको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कृषि तथा पशुपन्छी विकास मन्त्रालयः

(१) जोन तथा कम्पार्टमेन्टको क्षेत्र निर्धारण गर्ने।

(२) खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने।

(३) आयोजना कार्यान्वयनमा सहयोग गर्न मातहतका निकाय परिचालन गर्ने।

(४) रोग नियन्त्रणका लागि अन्य प्रदेश तथा स्थानीय तहहरुबीच समन्वयकारी भूमिका निर्वाह गर्ने।

(ख) पशु सेवा विभागः

(१) जोन तथा कम्पार्टमेन्टको क्षेत्र निर्धारण तथा खोरेत रोग मुक्त क्षेत्र घोषणा सम्बन्धमा आवश्यकता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने।

(२) विश्व पशु स्वास्थ्य संगठनसंग आवश्यक समन्वय गर्ने।

(३) आवश्यक मात्रामा खोप व्यवस्थापन गर्ने।

(४) प्रदेश तथा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।

(५) रोगको आउटब्रेक अन्वेषण कार्यमा प्रदेश र स्थानीय तहलाई प्राविधिक पृष्ठपोषण दिने।

(६) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने गराउने।

(७) अस्थायी क्वारेन्टाइन चेकपोष्टको स्थापनाको लागि मन्त्रालयमा सिफारिस गर्ने।

प्रदेश सरकार
भूमि, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(८) खोरेत रोग सम्वन्धी नीति, रणनीति, कार्यक्रमहरु तयार गर्नमा प्रदेश र स्थानीय तहलाई सहयोग गर्ने।

**(ग) खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशालाः**

(१) खोरेत रोग सम्वन्धी राष्ट्रिय रिफ्रेन्स प्रयोगशालाको रुपमा कार्य गर्ने।

(२) आयोजना सञ्चालन भएको क्षेत्रमा प्रदेश र स्थानीय तहको सहकार्यमा पशु सेवा विभागद्वारा गरिने खोरेत रोग आउटब्रेक अन्वेषण पश्चात नमूना संकलन तथा परीक्षण गरी स्थानीय तह, प्रदेश र विभागमा प्रतिवेदन पठाउने।

(३) विश्व पशु स्वास्थ्य संगठनका अन्तराष्ट्रिय रिफरेन्स प्रयोगशालाहरु संग समन्वय गरी आयोजना कार्यान्वयन हुने क्षेत्रमा देखा पर्ने खोरेत रोगको फिल्ड स्ट्रेन पत्ता लगाउने।

(४) खोरेत रोग सर्भिलेन्स र गुणस्तरीय नमूना संकलन, संरक्षण, कोडिङ, प्रेषण तथा परिक्षण कार्यमा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने।

(५) खोरेत खोपको प्रभावकारीता परीक्षण (Sero-monitoring) गर्ने वा संकलन गरेर पठाइएको नमूनाको परीक्षण गरी प्रतिवेदन एवं पृष्ठपोषण दिने।

**(घ) पशुपन्छी रोग अन्वेषण प्रयोगशालाः**

(१) रोगको सर्भिलेन्स, नमूना संकलन, नमूना परीक्षण, आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्ग गर्ने।

(२) खोपको सिरो सर्भिलेन्स/सिरो मनिटरिङ्ग अध्ययन गर्ने।

(३) खोप भण्डारण गरी विज्ञ केन्द्र र स्थानीय तहलाई उपलब्ध गराउने।

(४) विज्ञ केन्द्रमा संचालित प्रयोगशालाको प्राविधिक निर्देशन, अनुगमन र कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने।

(५) आयोजना कार्यान्वयन कार्यमा प्रदेश मन्त्रालय, निर्देशनालय तथा विज्ञ केन्द्रसंग समन्वय गर्ने।

**(ङ) पशु क्वारेन्टाईन कार्यालयः**

(१) आयोजना लागु भएका क्षेत्रमा बाहिरबाट खोप नलगाइएका पशुहरुको प्रवेशमा रोक लगाउने र यसका लागि सम्बन्धित क्वारेन्टाईन चेक पोष्टहरुलाई प्रदेश सरकारको आयोजना लक्षित गरी थप निगरानी बढाउन लगाउने र रोगी तथा अवैध पशु र पशुजन्य पदार्थ ओसारपसार नियन्त्रण गर्ने गराउने।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(२) खोप नलगाइएका तथा रोगी पशुहरुको आवतजावत नियन्त्रण गर्न सम्बन्धित स्थानीय तह, वडा कार्यालय तथा प्रहरी कार्यालय/चेक पोष्ट वा अन्य सुरक्षा संयन्त्रसँग समन्वय गर्ने।

(३) स्थानीय आन्तरिक चेक पोष्ट/निगरानी केन्द्र व्यवस्थापन तथा सञ्चालनमा सहजिकरण गर्ने।

(४) आयोजना कार्यान्वयन कार्यमा मन्त्रालय, निर्देशनालय तथा विज्ञ केन्द्रसंग समन्वय गर्ने।

५. <u>आयोजनामा सञ्चालनमा संलग्न प्रादेशिक निकाय तथा स्थानीय तहको जिम्मेवारी</u>: यस आयोजना सञ्चालनमा संलग्न प्रादेशिक निकायहरुका साथै स्थानीय तहहरुको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

**(क) प्रदेश मन्त्रालयः**

(१) खोरेत रोग नियन्त्रण रणनीतिक योजना अनुसार आयोजना सञ्चालन गर्ने गराउने।

(२) संघ तथा स्थानीय तहसंग आवश्यक सहकार्य र समन्वय गर्ने।

(३) जोन तथा कम्पार्टमेन्टको क्षेत्र विस्तार गर्ने सम्बन्धमा विभागको समन्वयमा आवश्यक निर्णय गर्ने।

(४) आयोजना सञ्चालनको लागि आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापन गर्ने।

(५) आयोजना तथा कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने तथा मातहतका सम्बद्ध निकायहरुलाई आवश्यक निर्देशन दिने।

**(ख) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयः**

(१) आयोजनालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि निर्देशनालयमा एक छुट्टै खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाई (Foot and Mouth Disease-Project Implementation Unit, FMD-PIU) को स्थापना गर्ने।

(२) रोगको सर्भिलेन्स, आउटब्रेक अन्वेषण तथा नियन्त्रण, खोप खरिद तथा परिचालन र कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धि गर्ने।

(३) आयोजनाको कार्यक्रम तथा बजेट तर्जुमाका साथै स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्ने गराउने।

(४) आयोजना कार्यान्वयनका लागि विज्ञ केन्द्रलाई परिचालन गर्ने।

(५) आयोजना लागु भएका क्षेत्रका स्थानीय तह, सरोकारवालाहरु तथा जनप्रतिनिधि र कृषकहरुसंग समन्वय गर्ने।

(६) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(ग) विज्ञ केन्द्रः

(१) खोप कार्यक्रम सञ्चालन गर्ने गराउने।

(२) रोगको सर्भिलेन्स, आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्ग गर्ने गराउने।

(३) तथ्यांक अभिलेखीकरण तथा व्यवस्थापन गर्ने।

(४) रोग नियन्त्रण कार्यक्रमको लागि आयोजना अन्तर्गत नियुक्त प्राविधिक परिचालन गर्ने।

(५) जोन क्षेत्रमा खोरेत रोगको सघन सिरो मोनिटरिङ्ग गर्नका लागि विज्ञ केन्द्रमा रहेको आधारभूत प्रयोगशालाको क्षमता अभिवृद्धि गरी सिरो-मोनिटरिङ्ग/एन्टिबडी परीक्षण गर्ने।

(६) खोप भण्डारण गर्ने तथा आफ्नो क्षेत्रका स्थानीय तहलाई उपलब्ध गराउने।

(७) कार्यक्षेत्र भित्र रोग नियन्त्रणको योजना तर्जुमा गर्ने।

(८) स्थानीय तहलाई रोग नियन्त्रणको कार्य योजना तयारीमा सहयोग गर्ने।

(९) आयोजना लागू भएका क्षेत्रका स्थानीय तह तथा अन्य सरोकारवालाहरुसंग समन्वय गर्ने।

(१०) आयोजना अन्तर्गत स्वीकृत कार्यक्रम र कार्यविधिले तोके अनुसारका कार्यहरु सञ्चालन गर्ने र सोको प्रगति निर्देशनालयमा सम्प्रेषण गर्ने।

(११) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो कार्यमा निर्देशनालय र विभागलाई सहयोग गर्ने।

(घ) स्थानीय तहः

(१) आयोजना तथा सो अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि पशु सेवा शाखा तथा वडा कार्यालयहरुलाई परिचालन गर्ने।

(२) खोप कार्यक्रम सञ्चालन तथा अभिलेखीकरण गर्ने।

(३) पशु पहिचान तथा दर्ता, सर्भिलेन्स, रिपोर्टिङ्ग, नमूना संकलन, तथ्यांक संकलन तथा सम्पेषण गर्ने।

(४) प्रयोगशाला तथा विज्ञ केन्द्रलाई सर्भिलेन्स तथा नमूना संकलन कार्यमा सहयोग गर्ने।

(५) पशु आवतजावत नियन्त्रण, निगरानी समूह तथा स्थानीय आन्तरिक चेक पोष्ट/निगरानी केन्द्र व्यवस्थापन गर्ने।

(६) खोपकर्ता तथा आयोजना अन्तर्गत नियुक्त प्राविधिक परिचालन गर्ने।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

(७) स्थानीय तह भित्रको रोग नियन्त्रणको योजना तर्जुमा गर्ने।

(८) पशुपालन फार्म, कृषि/पशु सहकारी, पशुजन्य उद्योग तथा कृषकहरुसंग समन्वय र रोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

(९) संघ तथा प्रदेशका सशर्त अनुदानका कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार आफ्नै श्रोतबाट समेत आयोजना कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने।

(१०) स्थानीय तहमा रहेका दूध संकलन केन्द्र तथा डेरी उद्योगहरुमा संकलन हुने दूध, खोरेत रोग विरुद्ध खोप लगाइएका गाई/भैंसीबाट मात्र आपूर्ति भए नभएको अनुगमन गर्ने।

(११) आयोजना कार्यान्वयनमा स्थानीय प्रशासन र सुरक्षा निकायसंग समन्वय गर्ने।

(१२) कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने, सो कार्यमा सहयोग गर्ने र विज्ञ केन्द्रमा प्रगति सम्प्रेषण गर्ने।

६. **आयोजनामा सञ्चालनमा संलग्न सरोकारवालाहरुको भूमिकाः** यस आयोजना सञ्चालनमा विभिन्न सरोकारवालाहरुको भूमिका देहाय बमोजिम हुनेछः-

**(क) पशु हाट बजार संचालक समितिः**

(१) हाट बजारमा ल्याईएका पशुहरुलाई खोप लगाउन सहजीकरण गर्ने।

(२) हाट बजारमा ल्याईएका पशुहरुलाई टयागिङ्ग गर्ने कार्यमा सहजीकरण गर्ने।

(३) हाट बजारमा ल्याइएका र रोगको जोखिममा रहेका पशुहरुको अभिलेख राख्न तथा ट्रेसिङ्ग गर्न पशु सेवा शाखालाई सहयोग गर्ने।

(४) हाट बजारको निःसंक्रमण तथा जैविक सुरक्षा विधि अवलम्बन गर्ने गराउने।

(५) बजार सम्बन्धी पूर्वाधार विकास गर्ने।

(६) आयोजना कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्ने।

**(ख) व्यवसायिक पशु फार्म/कृषक तथा कृषक समूह समिति/सहकारीः**

(१) आफू वा आफ्नो सदस्यहरुले पालेका गाई/भैंसी लगायतका खुरफट्टा जनावरहरुलाई टयागिङ्ग गरी नियमित रुपमा खोप लगाउने तथा सोको अभिलेख अनिवार्य रुपमा राख्ने।

(२) क्वारेन्टाईनका नियमहरु पालना गर्ने गराउने।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

(३) खोप नलगाइएका तथा रोगी पशुहरुको अनियन्त्रित आवतजावत तथा ओसारपोसार नियन्त्रणमा सम्बन्धित पशु सेवासंग सम्बद्ध निकायलाई सहयोग गर्ने।

(४) असल पशु पालन अभ्यास तथा जैविक सुरक्षा विधि अवलम्बन गर्ने गराउने।

(५) रोगको सर्भिलेन्स, अन्वेषण, सिरो-मोनिटरिङ्ग तथा रोगको नमूना संकलन कार्यमा सहयोग गर्ने।

(६) आफ्नो पशु/फार्म तथा क्षेत्रमा रोगको शंकास्पद पशु फेला परेमा वा रोग देखिएमा तुरुन्तै सम्बन्धित स्थानीयत तहको पशु सेवा शाखा वा विज्ञ केन्द्रमा वा प्रयोगशालामा जानकारी गराउने।

(७) आयोजना कार्यान्वयन कार्यमा मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र, स्थानीय तह तथा अन्य सबै सरोकारवाला निकायहरुलाई सहयोग गर्ने।

**(ग) दुग्ध/मासुजन्य उद्योग, प्रशोधन केन्द्र तथा संकलक/वितरकः**

(१) दुग्ध उद्योग तथा दुग्ध प्रशोधन केन्द्र र दुग्ध संकलक/वितरकहरुले नियमित रुपमा खोप लगाइएका तथा रोग मुक्त पशु तथा फार्महरुबाट मात्र दुग्ध संकलन गर्ने।

(२) कृषकहरुलाई खोप लगाउन सहयोग तथा प्रेरित गर्ने।

(३) आयोजना कार्यान्वयनमा मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र, स्थानीय तह तथा अन्य सबै सरोकारवाला निकायहरुसंग समन्वय तथा सहयोग गर्ने।

**(घ) दाना/आहारा उद्योग तथा बिक्री केन्द्रः**

(१) रोग मुक्त दाना/आहाराको बिक्री वितरण सुनिश्चतता गर्ने।

(२) आफ्ना कृषकहरुलाई खोरेत रोग र यसको रोकथाम बारे जानकारी गराउने।

(३) दाना/आहारा ढुवानी गरिने फार्महरुमा जैविक सुरक्षाका विधिहरु दुरुस्त अपनाउने।

**(ङ) एग्रोभेट तथा भेटेरिनरी औषधी पसलः**

(१) आफ्नो एग्रोभेट तथा भेटेरिनरी औषधी पसल मार्फत रोग नफैलियोस् भन्ने सुनिश्चतता गर्ने।

(२) रोग देखा परेको गोठ/पशुको पशुधनी औषधी खरिद गर्न आएमा तुरुन्तै सम्बन्धित निकायमा जानकारी गराउने।

(३) कृषकहरुलाई खोरेत रोग र यसको रोकथाम बारे जानकारी गराउने।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रमुख सचिव

(४) रोग फैलिएको अवस्थामा आफ्नो पसलमा जैविक सुरक्षाका विधिहरु दुरुस्त अपनाउने।

(च) निजी पशु चिकित्सक तथा पाराभेटः

(१) खोप कार्य सञ्चालन वा सहयोग गर्ने।

(२) रोगको सर्भिलेन्स, अन्वेषण, सिरोमोनिटरिङ्ग तथा रोगको नमूना संकलन कार्यमा सहयोग गर्ने।

(३) पशु पहिचान तथा दर्ता कार्यमा सहभागी हुने।

(४) सिफारिस गरिएको सिमेनबाट मात्र कृत्रिम गर्भाधान गर्ने।

(५) उपचारको क्रममा उपनाउनु पर्ने जैविक सुरक्षा विधिको दुरुस्त प्रयोग गर्ने।

(६) कृषक तथा फार्महरुलाई असल पशु पालन अभ्यास तथा जैविक सुरक्षा विधिबारे जानकारी गराउने।

(७) रोग देखा परेमा तुरुन्तै सम्बन्धित निकायमा जानकारी गराउने।

(८) आयोजना कार्यान्वयनमा निर्देशनालय, विज्ञ केन्द्र तथा स्थानीय तहलाई सहयोग गर्ने।

## परिच्छेद- ३

## आयोजना/कार्यक्रम व्यवस्थापन

७. **कार्यक्रमको प्राविधिक नर्म्सः** यस आयोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि देहाय बमोजिमका प्राविधिक नर्म्स पालना गर्नु पर्नेछः-

(क) खोप लगाउन उपयुक्त सबै पशुहरुलाई ६-६ महिनाको फरकमा कम्तिमा पनि वर्षको २ पटक खोप लगाउनु पर्नेछ। यस कार्यको लागि अनुसूची-१ बमोजिमको खोप तालिका पालना गर्नु पर्नेछ।

(ख) खोपको भण्डारण तथा प्रयोग गर्दा उत्पादक कम्पनीको निर्देशन पालना गर्नु पर्नेछ।

(ग) खोप खरिद गरिने ठाउँ देखि प्रयोग हुने ठाउँ सम्म चिस्यान श्रृङ्खला (कोल्ड चेन) कायम भएको एकीन गर्नु पर्नेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(घ) जोन तथा कम्पार्टमेन्टमा सघन रुपमा पूर्ण खोप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ अर्थात तत्काल खोप लगाउन उपयुक्त रहेको सबै पशुहरुलाई खोप लगाउनु पर्नेछ। अन्य क्षेत्रमा जोखिम विश्लेषणको आधारमा कम्तिमा पनि ८० प्रतिशत पशुहरुलाई खोप लगाउनु पर्नेछ।

(ङ) खोप कार्यका लागि अनुसूची-२ बमोजिमको मापदण्ड पूरा गरेका प्राविधिकहरुलाई खोपकर्ताको रुपमा छनौट गर्नु पर्नेछ।

(च) खोप कार्यका लागि अनुसूची-३ बमोजिमको लजिस्टिकको व्यवस्था गर्नु पर्नेछ।

(छ) खोप लगाउनुपूर्व पशुलाई आन्तरिक परजीवी विरुद्धको औषधी उपलब्ध गराउन सकिनेछ।

(ज) खोप लगाइने पशु कमजोर भएमा सप्लिमेन्ट/भिटामिन उपलब्ध गराउन सकिनेछ।

(झ) खोप कार्यको लजिस्टिकको उपलब्धता तथा प्रयोग नेपाल सरकारद्वारा जारी 'पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५' बमोजिम गर्न सकिनेछ।

(ञ) सर्भिलेन्स कार्य सञ्चालन नेपाल सरकारको प्रचलित 'पशु स्वास्थय कार्यक्रम कार्यान्वय कार्यविधि २०७५' तथा विभागले स्वीकृत गरेको 'खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका २०८१' बमोजिम गर्नुपर्नेछ।

(ट) जोनिङ्ग कार्य तथा जोन क्षेत्रमा कार्यक्रम/क्रियाकलाप सञ्चालन नेपाल सरकारद्वारा जारी 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८' बमोजिम गर्नुपर्नेछ।

८. <u>आयोजना सञ्चालनका लागि क्षेत्र छनौटः</u> (१) खोप कार्य, सर्भिलेन्स, खोप भण्डारण तथा परिचालन सम्बन्धी क्षमता अभिवृद्धि, पशु पहिचान, अनुरेखनीयता (Traceability) तथा दर्ता कार्य, रोगी पशुहरुको आवतजावत नियन्त्रण तथा रोग सम्बन्धी जनचेतना अभिवृद्धी लगायतका कार्यक्रमहरु कोशी प्रदेशको सबै जिल्लामा नै सञ्चालन गरिनेछ।

(२) जोन क्षेत्र निर्धारणका लागि पहिलो चरणमा इलाम जिल्लाका स्थानीय तहहरु छनौट गरिनेछ।

(३) जोनको क्षेत्र प्रदेश मन्त्रालयले आवश्यकता अनुसार विभागको समन्वयमा विस्तार गर्न सक्नेछ।

(४) जोन क्षेत्रमा आवश्यकता अनुसार खोप लगाई वा नलगाई खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा कार्यक्रम र प्रक्रिया सञ्चालन गर्न सकिनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(५) प्रदेश मन्त्रालयले आवश्यक प्रकृया पूरा गरेका गाई/भैंसी फार्मलाई कम्पार्टमेन्टका लागि 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८' मा भएको व्यवस्था बमोजिम विभाग मार्फत मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

९. **प्रादेशिक निर्देशक समितिः** (१) यस आयोजना सम्बन्धी नीति निर्धारण गर्ने र सम्बन्धित निकायहरुलाई मार्गदर्शन गर्नका लागि प्रदेश मन्त्रालयमा एक प्रदेशस्तरिय निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, प्रदेश मन्त्रालय | - अध्यक्ष |
| (ख) सचिव, प्रदेश मन्त्रालय | - सदस्य |
| (ग) सचिव, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | - सदस्य |
| (घ सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (च) सचिव, पर्यटन, वन तथा वातारण मन्त्रालय | - सदस्य |
| (छ) सचिव, प्रदेश योजना आयोग | - सदस्य |
| (ज) महानिर्देशक, पशु सेवा विभाग | - सदस्य |
| (झ) निर्देशक, निर्देशनालय | - सदस्य |
| (ञ) प्रमुख, कोशी प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (ट) प्रमुख, शसस्त्र प्रहरी बल कोशी प्रदेश मुख्यालय | - सदस्य |
| (ठ) महाशाखा प्रमुख, पशुपन्छी विकास महाशाखा, प्रदेश मन्त्रालय | - सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) यस समितिको बैठक वर्षको कम्तिमा पनि १ पटक सञ्चालन गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **प्रादेशिक निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजना सञ्चालन सम्बन्धमा आवश्यक नीति तथा रणनीति निर्माणमा मार्गनिर्देशन गर्ने,

(ख) अन्तरनिकाय समन्वय गर्ने,

(ग) संघीय सरकारमा आवश्यक सिफारस तथा समन्वय गर्ने,

(घ) कार्यक्रम संचालनको क्रममा आईपरेका बाधा अडकाउ फुकाउने,

प्रदेश सचिव

प्रमुख सचिव

(ङ) आयोजना सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिने।

११. <u>प्रादेशिक प्राविधिक समितिः</u> (१) यस आयोजना कार्यान्वयनका लागि निर्देशनालयमा देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) निर्देशक, निर्देशनालय - संयोजक
(ख) बरिष्ठ पशु चिकित्सक, विभाग - सदस्य
(ग) प्रमुख, राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमल्टार, ललितपुर - सदस्य
(घ) महाशाखा प्रमुख, पशुपन्छी विकास महाशाखा, प्रदेश मन्त्रालय - सदस्य
(ङ) प्रमुख, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला विराटनगर - सदस्य
(च) प्रमुख, पशु क्वारेन्टाईन कार्यालय मोरङ्ग - सदस्य
(छ) प्रमुख, पशु क्वारेन्टाईन कार्यालय झापा - सदस्य
(ज) प्रमुख, विज्ञ केन्द्र (२ वटा केन्द्र) - सदस्य
(झ) प्रतिनिधि, प्रदेश दुग्ध व्यवसायी संघ/एशोसिएसन मध्येबाट (१ जना)- संयोजकले तोकेको - सदस्य
(ञ) प्रतिनिधि, प्रदेश मासु व्यवसायी संघ/एशोसिएसन मध्येबाट (१ जना)- संयोजकले तोकेको - सदस्य
(ट) आयोजना कार्यान्वयन इकाई फोकल पर्सन - सदस्य-सचिव

(२) प्राविधिक समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तिमा पनि २ पटक सञ्चालन गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१२. <u>प्रादेशिक प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजना कार्यान्वयन गर्ने गराउने सम्बन्धमा आवश्यक रणनीति मापदण्ड तयार गरी प्रदेश मन्त्रालय तथा निर्देशक समितिमा पेश गर्ने र अन्य प्राविधिक विषयहरु निर्देशक समितिमा पेश गर्ने,

(ख) कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने,

(ग) आयोजना कार्यान्वयन सम्बन्धमा जिल्लास्थित प्राविधिक समितिसंग समन्वय गर्ने,

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(घ) संघीय निकाय तथा सम्बन्धित सरोकारवालाहरुलाई प्राविधिक सहयोगका लागि अनुरोध गर्ने,

(ङ) आयोजना कार्यान्वयनको अनुगमन मूल्यांकन गर्ने,

(च) निर्देशक समितिमा आयोजनाको प्रगति प्रतिवेदन पेश गर्ने।

१३. <u>जिल्लास्तर प्राविधिक समितिः</u> (१) आयोजना कार्यान्वयनका लागि विज्ञ केन्द्रहरुमा देहाय बमोजिमको एक जिल्लास्तर प्राविधिक समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, विज्ञ केन्द्र | - संयोजक |
| (ख) प्रतिनिधि, जिल्ला समन्वय समिति | - सदस्य |
| (ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (घ) प्रमुख/प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (ङ) प्रमुख/प्रतिनिधि, वन डिभिजन कार्यालय | - सदस्य |
| (च) प्रमुख, स्थानीय तह पशु सेवा शाखा (सबै) | - सदस्य |
| (छ) प्रतिनिधि, जिल्ला दुग्ध व्यवसायी संघ/एशोसिएसन मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य |
| (ज) प्रतिनिधि, जिल्ला मासु व्यवसायी संघ मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य |
| (झ) प्रमुख, कृषि ज्ञान केन्द्र | - सदस्य |
| (ञ) शाखा प्रमुख, पशु चिकित्सा तथा प्रयोगशाला शाखा, विज्ञ केन्द्र | - सदस्य-सचिव |

(२) जिल्लास्तर प्राविधिक समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तिमा पनि २ पटक सञ्चालन गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>जिल्लास्तर प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> जिल्लास्तर प्रावधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लभित्र आयोजना कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ख) आयोजना सम्बन्धी कार्ययोजना तयार गरी प्रादेशिक प्राविधिक समितिमा पेश गर्ने,

(ग) स्थानीय तह स्थित आयोजना कार्यान्वयन समिति संग समन्वय गर्ने,

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

(घ) स्थानीय तहलाई निगरानी समूह, निगरानी केन्द्र/स्थानीय आन्तरिक चेक पोष्ट व्यवस्थापन, पशु दर्ता, सर्भिलेन्स, खोप कार्य आदिमा सहयोग गर्ने,

(ङ) जिल्लाभित्र रोगी तथा अवैध पशु आवतजावत नियन्त्रणमा स्थानीय प्रशासनसंग समन्वय गर्ने,

(च) जिल्लाभित्र आयोजना कार्यान्वयनको अनुगमन मूल्यांकन गर्ने।

१५. <u>जिल्लास्तर प्रमुख सहजीकरण समितिः</u> (१) आयोजना कार्यान्वयनका लागि विज्ञ केन्द्रहरुमा देहाय बमोजिमको एक जिल्लास्तर प्रमुख सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | - संयोजक |
| (ख) नगर प्रमुख, जिल्लास्थित सबै नगरपालिका | - सदस्य |
| (ग) अध्यक्ष, जिल्लास्थित सबै गाउँपालिका | - सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (ङ) प्रमुख/प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायहरु | - सदस्य |
| (च) प्रमुख, विज्ञ केन्द्र | - सदस्य-सचिव |

(२) जिल्लास्तर प्रमुख सहजीकरण समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तिमा पनि १ पटक सञ्चालन गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६. <u>जिल्लास्तर प्रमुख सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u> जिल्लास्तर प्रमुख सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लभित्र आयोजना कार्यान्वयन गर्न सहजीकरण गर्ने ,

(ख) आयोजनासंग सम्बन्धित अन्तर स्थानीय तह सूचना आदानप्रदान गर्ने,

(ग) आयोजना कार्यान्वयनका लागि आवश्यक बजेटको सुनिश्चितता तथा अन्तर स्थानीय तह समन्वय गर्ने,

(घ) निगरानी केन्द्र व्यवस्थापन, पशु दर्ता, सर्भिलेन्स, खोप कार्य आदिमा सहयोग गर्ने,

प्रदेश सचिव



उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

(ङ) जिल्लाभित्र रोगी तथा अवैध पशु आवतजावत नियन्त्रणमा अन्तर स्थानीय तहका साथै जिल्लास्थित सुरक्षा निकायसंग समन्वय गर्ने।

१७. <u>स्थानीय आयोजना कार्यान्वयन समितिः</u> (१) आयोजना स्थानीयस्तरमा कार्यान्वयनका लागि स्थानीय तहहरुमा देहाय बमोजिमको एक स्थानीय आयोजना कार्यान्वयन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, स्थानीय तह | - संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत, स्थानीय तह | - सदस्य |
| (ग) वडा अध्यक्ष, स्थानीय तह (सबै वडा) | - सदस्य |
| (घ) प्रमुख, कृषि विकास शाखा, स्थानीय तह | - सदस्य |
| (ङ) प्रमुख, प्रहरी कार्यालय/चेक पोष्ट, स्थानीय तह | - सदस्य |
| (च) कृषक प्रतिनिधि, स्थानीय तह भित्रका (२ जना)- संयोजकले तोकेको | - सदस्य |
| (छ) प्रतिनिधि, पशुपन्छीजन्य उद्योग वा सहकारी संस्था मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य<br>- सदस्य |
| (ज) प्रतिनिधि, मासुजन्य उद्योग/व्यवसायी मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | |
| (झ) प्रमुख, पशु सेवा शाखा, स्थानीय तह | - सदस्य-सचिव |

(२) स्थानीय आयोजना कार्यान्यिन समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तिमा पनि २ पटक सञ्चालन गरिनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. <u>स्थानीय आयोजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः</u> स्थानीय आयोजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) निगरानी समूह, निगरानी केन्द्र गठन/स्थापना तथा परिचालन गर्ने,

(ग) आवश्यकता अनुसार क्वारेन्टाइन स्थल निर्माण तथा व्यवस्थापन गर्ने,

(घ) आयोजना कार्यान्यिन सम्बन्धी छिमेकी स्थानीय तहहरुसंग समन्वय गर्ने,

(ङ) स्थानीय सुरक्षा निकायसंग रोगी पशु आवतजावत नियन्त्रणमा समन्वय गर्ने,

प्रमुख सचिव

(च) स्थानीय तहभित्र कार्यान्वयन गर्न सकिने आयोजना सम्बन्धी कार्यक्रम/क्रियाकलाप तयारी तथा जिल्लास्तर प्राविधिक समितिमा पेश गर्ने,

(छ) स्थानीय तहभित्र आयोजना कार्यान्वयनको अनुगमन मूल्यांकन गर्ने ।

१९. <u>निगरानी समूहः</u> (१) यस आयोजना अन्तर्गत स्थानीय तहभित्र अवैध तथा रोगी पशुहरुको आवतजावत निगरानी गरी रोग नियन्त्रण कार्यमा सहयोग गर्नका लागि जोन क्षेत्रका स्थानीय तहले देहाय बमोजिमको एक निगरानी समूह गठन गर्न सक्नेछः-

| | |
|---|---|
| (क) सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्य, | - संयोजक |
| (ख) सम्बन्धित वडा सदस्यहरु मध्येबाट संयोजकले तोकेको एक जना सदस्य | - सदस्य |
| (ग) प्राविधिक, पशु सेवा शाखा, स्थानीय तह | - सदस्य |
| (घ) निजी वा सरकारी पशु चिकित्सक, स्थानीय तह | - सदस्य |
| (ङ) निजी वा सरकारी पाराभेट, संयोजकले तोकेको वडा भित्रका एक जना प्रतिनिधि | - सदस्य |
| (च) प्रतिनिधि, संयोजकले तोकेको टोल विकास समिति मध्येबाट दुई जना प्रतिनिधि | - सदस्य |
| (छ) कृषक प्रतिनिधि, संयोजकले तोकेको वडा भित्रका दुई जना प्रतिनिधि | - सदस्य |
| (ज) प्रतिनिधि, सम्बन्धित प्रहरी इलाका/पोष्ट वा चौकी | - सदस्य |
| (झ) प्रतिनिधि, पशुपन्छीजन्य उद्योग/सहकारी/चिस्यान केन्द्र मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य |
| (ञ) प्रतिनिधि, मासुजन्य उद्योग/व्यवसायी मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य |
| (ट) वडा सचिव, सम्बन्धित वडा | -सदस्य-सचिव |

(२) निगरानी समूहले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निगरानी समूहको बैठक कम्तिमा पनि बर्षको ३ पटक सञ्चालन गर्नु पर्नेछ।

(४) स्थानीय तहले जोन क्षेत्रका सबै वा आवश्यकता अनुसारका वडाहरुमा निगरानी समुह गठन गर्न सक्नेछ।

२०. <u>निगरानी समूहको काम, कर्तव्य र अधिकारः</u> निगरानी समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(क) आफ्नो वडा भित्र अवैध, रोगी वा शंकास्पद रोगी पशुहरुको आवतजावतको निगरानी गर्ने र त्यस्ता पशुहरु भित्रिनमा रोक लगाउन प्रयास गर्ने,

(ख) स्थानीय तह पशु सेवा शाखालाई अवैध, रोगी वा शंकास्पद रोगी पशुहरुबारे सूचना सम्प्रेषण गर्ने,

(ग) स्थानीय आन्तरिक चेक पोष्ट/निगरानी केन्द्रसंग समन्वय तथा सहकार्य गर्ने,

(घ) बाहिरबाट वडामा भित्रिने पशुहरुलाई खोप नलगाइएको भए खोप लगाउने र क्वारेन्टाइनमा राख्न लगाउने,

(ङ) वडाभित्र आयोजनाको क्रियाकलापहरु सञ्चालन गर्नमा सहयोग गर्ने।

## परिच्छेद ४

## आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

२१. आयोजना सञ्चालन प्रक्रियाः (१) आयोजना अन्तर्गत स्वीकृत कार्यक्रमहरु विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र र स्थानीय तह पशु सेवा शाखाले समन्वयमा सञ्चालन गर्नेछ।

(२) आयोजनालाई सञ्चालन गर्नका लागि निर्देशनालयमा खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाईको स्थापना गरिनेछ ।

(३) यस आयोजनाको आयोजना व्यवस्थापक निर्देशनालयको निर्देशक रहनेछ।

(४) यस आयोजनाको आयोजना उप-व्यवस्थापक तथा आयोजना कार्यान्वयन इकाईको फोकल पर्सन निर्देशनालय अन्तर्गतको बरिष्ठ पशु विकास अधिकृत/बरिष्ठ पशु चिकित्सक लाई तोकिनेछ ।

(५) आयोजना कार्यान्वयन इकाईमा सहायक/सहयोगी कर्मचारीको रुपमा पशु चिकित्सक/पशु स्वास्थ्य अधिकृत (१ जना), पशु स्वास्थ्य प्राविधिक/पशु स्वास्थ्य सहायक/सहायक पशु स्वास्थ्य अधिकृत (१ जना), पशु सेवा प्राविधिक/पशु सेवा प्राविधिक/सहायक पशु विकास अधिकृत (१ जना), हलुका सवारी चालक (१ जना), कार्यालय सहयोगी (१ जना) लाई निर्देशनालयले कामकाजको लागि तोक्नेछ।

(६) आयोजना कार्यान्वयन इकाईको प्रशासनिक तथा आर्थिक व्यवस्थापन निर्देशनालयबाट हुनेछ ।

प्रदेश सचिव



उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

प्रमुख सचिव

(७) आयोजना कार्यान्वयन इकाईले आवश्यकता अनुसार परामर्श सेवा खरिद मार्फत विषय विज्ञहरुबाट नियमानुसार सेवा लिन सक्नेछ।

(८) यस आयोजना अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु यसै कार्यविधि तथा यस कार्यविधिमा नसमेटिएका विषयहरु कार्यक्रमसंग सम्बन्धित संघीय कार्यविधि/निर्देशिका बमोजिम सञ्चालन गर्नुपर्नेछ।

(९) जोन तथा कम्पार्टमेन्ट क्षेत्रलाई रोग मुक्त क्षेत्र घोषणा गर्ने सन्दर्भमा विश्व पशु स्वास्थ्य संगठन (WoAH / OIE) द्वारा जारी Terrestrial Animal Health Code (2024) का प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(१०) आयोजना अन्तर्गत जोन क्षेत्रमा सघन सर्भिलेन्स/सिरो-मनिटरिङ्ग गर्न विज्ञ केन्द्रमा रहेको आधारभूत भेटेरिनरी प्रयोगशालाको क्षमता अभिवृद्धि गरी प्रयोगमा ल्याउन सकिनेछ।

(११) सम्बन्धित निकायहरुले आफू मातहतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गरी माथिल्लो निकायमा प्रगति सम्प्रेषण गर्नु पर्नेछ ।

२२. <u>आयोजना कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकारः</u> आयोजना कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा आयोजनाको वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्ने।

(ख) वार्षिक स्वीकृत कार्यक्रम अनुसार इकाईको कार्यक्रम सञ्चालन गर्ने र अन्य निकायहरुको स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न सहयोग तथा सहजीकरण गर्ने।

(ग) आयोजना कार्यान्वयनमा संलग्न सबै निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

(घ) आयोजनाको प्रत्येक आर्थिक वर्षको एकमुष्ट प्रगति प्रतिवेदन तयार गर्ने र आयोजना सम्बद्ध दस्तावेजहरुको अभिलेख राख्ने।

(ङ) विज्ञ केन्द्र तथा स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमहरुको अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन गर्ने ।

२३. <u>आयोजनाको अवधिः</u> (१) आयोजना पहिलो चरणमा ३ (तीन) वर्षको लागि सञ्चालन गरिनेछ।

(२) प्रदेश मन्त्रालयले आवश्यकता अनुसार आयोजनाको अवधि थप गर्न सक्नेछ ।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

२४. <u>आयोजनाबाट सञ्चालन हुने कार्यक्रमको न्यूनतम मापदण्डः</u> आयोजना अन्तर्गत कृषक तथा अन्य साझेदारहरुलाई उपलब्ध हुने सेवा तथा सामाग्री देहाय बमोजिम हुनेछः-

(क) कृषकलाई खोप, पशु पहिचानको लागि ट्याग, जैविक सुरक्षा सामाग्री, तालिम तथा रोग सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु आयोजनाबाट उपलब्ध हुनेछ।

(ख) स्थानीय तह तथा विज्ञ केन्द्रलाई खोप भण्डारण तथा ढुवानी सामाग्री (रेफ्रिजरेटर, कुल बक्स, आईसप्याक, विद्युत ब्याकअप सामाग्री आदि) आयोजनाबाट उपलब्ध हुनेछ ।

(ग) खोप कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने लजिस्टिक तथा पारिश्रमिकको रकम स्थानीय तहको कार्यक्रममा विनियोजन गरिनेछ। यस बाहेक थप लजिस्टिक तथा रकम आवश्यक परेमा स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्थापन गर्नु पर्नेछ।

(घ) खोप तथा सर्भिलेन्स कार्यका लागि थप लजिस्टिक आयोजना कार्यान्वयन इकाईले समेत आवश्यकता अनुसार खरिद गरी वितरण गर्न सक्नेछ।

(ङ) खोरेत रोग सर्भिलेन्स तथा रोग निदान कार्यका लागि आयोजनाबाट पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरुलाई आवश्यक पर्ने रिएजेन्ट, किट तथा अन्य प्रयोगशाला सामाग्री आयोजनाबाट उपलब्ध गराउन सकिनेछ।

(च) आयोजना अन्तर्गत स्थानीय तहले सोझै सञ्चालन गर्ने कार्यक्रमहरु प्रदेश मन्त्रालयबाट सशर्त अनुदानमा सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

## परिच्छेद- ५

## <u>आयोजना अन्तर्गत सञ्चालन गरिने कार्यक्रम/क्रियाकलापहरु</u>

२५. <u>सञ्चालन गरिने कार्यक्रम/क्रियाकलापहरुः</u> आयोजना अन्तर्गत प्रदेश मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र तथा स्थानीय तहबाट देहाय अनुसारका मुख्य कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(क) **<u>पशु पहिचान, अनुरेखनीयता तथा दर्ता (Animal Identification, Traceability and Registration):</u>**

(१) आयोजना कार्यान्वयन इकाईले यस कार्यको लागि पशु तथा बथान दर्ता सिस्टम/किताब को व्यवस्थापन गर्नुपर्नेछ। यसका लागि आयोजना कार्यान्वयन इकाईले संघीय निकायसंगको समन्वय तथा सहयोगमा डिजिटल पशु पहिचान तथा दर्ता प्रणाली (Animal

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

Identification and Registration Software/Database Management System) र पशु दर्ता सम्बन्धी SOP को विकास गर्नु पर्नेछ।

(२) कार्यक्रमका लागि विज्ञ केन्द्र तथा स्थानीय तहले एक/एक जाना प्राविधिकलाई फोकल पर्सन तोक्नु पर्नेछ।

(३) घोषित जोन वा कम्पार्टमेन्टमा पशु पहिचान, अनुरेखनीयता तथा दर्ता कार्य अनिवार्य रुपमा गर्नु पर्नेछ र अन्य क्षेत्रमा समेत आवश्यकता अनुसार गर्न सकिनेछ ।

(४) आयोजना कार्यान्वयन इकाईले पशु पहिचान (ट्यागिङ्ग) तथा दर्ताका लागि ट्याग (पहिचान चिन्ह) तथा ट्यागिङ्ग मेशिन खरिद गरि स्थानीय तहहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(५) आयोजना कार्यान्वयन इकाईले पशु पहिचान सम्बन्धी विवरण डेटाबेसमा रेकर्डिङ्गका लागि स्थानीय तह/प्राविधिकलाई ट्याब खरिद गरी उपलब्ध गराउन सक्नेछ।

(६) आयोजना कार्यान्वयन इकाईले विभाग मातहतका निकायबाट आवश्यक मात्रामा पहिचान नम्बर प्राप्त गरी सोही बमोजिमको प्रिन्टेड ट्याग खरिद तथा व्यवस्थापन गर्नुपर्नेछ। यस बाहेक ट्याग प्रिन्टर खरिद गरि आफैंले पनि पहिचान नम्बर ट्यागमा प्रिन्ट गर्न सक्नेछ।

(७) स्थानीय तहले पशु पहिचान तथा दर्ता कार्यका लागि प्राविधिक जनशक्ति व्यवस्थापन तीन तरिकाबाट गर्न सक्नेछ।

७.१ ट्यागिङ्ग तथा दर्ता कार्य संचालनार्थ निश्चित अवधिका लागि पशु संख्याको आधारमा प्राविधिक नियुक्त गर्ने,

७.२ वर्षभरी नै ट्यागिङ्ग तथा दर्ता कार्य सञ्चालन गर्नका लागि प्राविधिक नियुक्त गरेर वा परामर्श सेवा खरिद गर्ने,

७.३ पशु सेवा शाखाको प्राविधिक तथा संघीय सर्शत अनुदान कार्यक्रम अन्तर्गत नियुक्त प्राविधिकहरु परिचालन गर्ने,

७.४ खोप कार्यका लागि नियुक्त गरिने खोपकर्ता (भ्याक्सीनेटर) लाई ट्यागिङ्ग तथा दर्ता कार्यको थप जिम्मेवारी दिई परिचालन गर्ने।

(८) पशु पहिचान तथा दर्ता कार्यका लागि नियुक्त हुने प्राविधिकहरुसंग अनुसूची-४ वमोजिम सम्झौता गर्नु पर्नेछ।

(९) स्थानीय तहले पशु पहिचान तथा दर्ता कार्यका लागि नियुक्त गरेका प्राविधिकहरुको विवरण विज्ञ केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

प्रदेश सचिव

प्रमुख सचिव

(१०) विज्ञ केन्द्रले कार्य आरम्भ गर्नुपूर्व ट्यागिङ्ग तथा दर्ता कार्यका लागि छनौट भएका प्राविधिकलाई अभिमुखीकरण गर्नु पर्नेछ।

(११) प्राविधिकहरुले पशुलाई ट्यागिङ्ग गरेपछि अनुसूची-५ बमोजिमको फर्मेटमा विवरण/डेटा प्रविष्टी गर्नुका साथै सफ्टवेयरमा अनलाईन ईन्ट्री समेत गर्नु पर्नेछ।

(१२) विज्ञ केन्द्र तथा निर्देशनालयले तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयार गर्ने र तथ्यांक आवश्यकता अनुसार प्रयोग गर्नेछ।

(१३) पशुहरुको ट्यागिङ्ग तथा दर्ता (डेटा ईन्ट्री) को पारिश्रमिक सम्बन्धी व्यवस्था दफा ३० बमोजिम हुनेछ।

(ख) <u>खोप (FMD Vaccine) खरिद तथा वितरण:</u>

(१) आयोजना कार्यान्वयन इकाईले आवश्यक मात्रामा खोप (FMD Vaccine) नियमानुसार खरिद गरी विज्ञ केन्द्र तथा स्थानीय तहलाई उपलब्ध गराउनेछ।

(२) विज्ञ केन्द्रले आयोजना कार्यान्वयन इकाई वा प्रयोगशालाबाट प्राप्त खोप भण्डारण गर्ने र माग, आवश्यकता र स्वीकृत कार्यक्रमको आधारमा स्थानीय तहहरुलाई उपलब्ध गराउनेछ।

(३) पशु सेवा शाखाहरुले विज्ञ केन्द्रबाट प्राप्त खोप भण्डारण गर्ने र खोप कार्यक्रम सञ्चालन गर्नका लागि खोपकर्ताहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्रयोग हुन नसकेका खोपहरु विज्ञ केन्द्र तथा स्थानीय तहहरुले सुरक्षित साथ कोल्ड चेन व्यवस्थापन गरी भण्डारण गर्ने र अर्को पटक प्रयोग गर्नु पर्नेछ।

(ग) <u>खोप भण्डारण सामाग्री खरिद तथा वितरण:</u> आयोजना कार्यान्वयन इकाईले नियमानुसार खोप भण्डारणको लागि रेफ्रिजरेटर, आइसलाईनर फ्रिज, कुल बक्स, आयस प्याक, विद्युत ब्याकअप सामाग्री आदि खरिद गरि विज्ञ केन्द्र तथा स्थानीय तहलाई उपलब्ध गराउनेछ।

(घ) <u>लजिस्टिक (Logistic) खरिद तथा वितरण:</u>

(१) खोप कार्य सञ्चालनका लागि स्थानीय तह तथा आयोजना कार्यान्वयन इकाईले दफा ७ को खण्ड (च) बमोजिम आवश्यक लजिस्टिक (खोप कार्यमा प्रयोग हुने सामाग्रीहरु) खरिद गर्नेछ।

(२) स्थानीय तहलाई थप लजिस्टक सहयोग विज्ञ केन्द्रले खरिद गरी उपलब्ध गराउन सक्नेछ।

प्रदेश सचिव



उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

(३) स्थानीय तहले पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ अनुसार वा स्वीकृत बजेटको परिधिमा रही अधिकतम संख्यामा लजिस्टिक सामग्रीहरु खोपकर्तालाई उपलब्ध गराउनु पर्नेछ।

(ङ) <u>खोप कार्य तथा पारिश्रमिकः</u>

(१) स्थानीय तहले खोप कार्यका लागि खोपकर्ता (भ्याक्सीनेटर) व्यवस्थापन तीन तरिकाबाट गर्न सक्नेछ।

१.१ खोप कार्य संचालनार्थ निश्चित अवधिका लागि खोप संख्याको आधारमा खोपकर्ता (भ्याक्सीनेटर) नियुक्त गर्ने,

१.२ वर्षभरी नै खोप कार्य सञ्चालन गर्नका लागि डेडिकेटेड भ्याक्सीनेटर (वर्षभरी नै खोप कार्य सञ्चालन गर्नका लागि स्थानीय तहले नियुक्त गर्ने प्राविधिक) नियुक्त गरेर वा परामर्श सेवा खरिद गर्ने,

१.३ पशु सेवा शाखाको प्राविधिक तथा संघीय सर्शत अनुदान कार्यक्रम अन्तर्गत नियुक्त प्राविधिकहरु परिचालन गर्ने।

(२) स्थानीय तहले खोपकर्ताहरुसंग अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(३) स्थानीय तहले नियुक्त गरेका खोपकर्ताहरुको विवरण विज्ञ केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(४) खोप कार्य सञ्चालनपूर्व सम्पूर्ण खोपकर्तालाई विज्ञ केन्द्रले अभिमुखीकरण गर्नु पर्नेछ।

(५) खोप कार्यमा पशु विकास सम्बद्ध संघ/संस्था/सहकारीलाई समेत स्थानीय तहको सिफारिसमा खोप कार्य सञ्चालन गर्ने क्षेत्र तोकेर सहभागी गराउन सकिनेछ।

(६) खोप लगाईएको जनावर पहिचान गर्न रंग लगाउने वा अन्य आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(७) खोप कार्यको अभिलेख राख्नका लागि आयोजना कार्यान्वयन इकाईले उपयुक्त सफ्टवेयर निर्माण गरी प्रयोग गर्न सक्नेछ।

(८) खोप गरिएको जनावरहरुको विवरण खोपकर्ताले अनुसूची-७ वमोजिमको फारममा भरी वा सफ्टवेयरमा प्रविष्ट गरी प्राप्त प्रतिवेदन सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ।

(९) खोप लगाईसकेपछी प्रत्येक कृषकलाई अनसुची-८ बमोजिमको खोप कार्ड उपलब्ध गराउनु पर्नेछ।

(१०) व्यवसायिक पशु फार्म/पशु विकास सम्बद्ध संघ/संस्था/गैह्र सरकारी संस्था/सहकारी वा निजी पशु चिकित्सक/पाराभेट आफैंले लजिस्टिक तथा पारिश्रमिक व्यवस्थापन गरी खोप कार्य सञ्चालन गर्न ईच्छुक भएमा निर्देशनलय वा विज्ञ केन्द्रबाट खोप उपलब्ध गराउन सकिनेछ।

(११) खोप कार्यक्रम नियमित रुपमा भदौ-असोज र फाल्गुण-चैत्र गरी वर्षको २ पटक सञ्चालन गर्नु पर्नेछ।

(१२) पशु हाटबजारमा आवश्यक व्यवस्था मिलाई प्रत्येक हप्ता वा प्रत्येक हाटबजार सञ्चालन हुने दिनमा खोप कार्य सञ्चालन गर्नु पर्नेछ। यसका लागि खोप, खोपकर्ता तथा लजिस्टिकको व्यवस्थापन पशु सेवा शाखाले गर्नु पर्नेछ।

(१३) खोपकर्ताको पारिश्रमिक सम्बन्धी व्यवस्था दफा ३१ बमोजिम हुनेछ।

(च) <u>खोरेत रोगको सर्भिलेन्स:</u>

(१) यस आयोजना अन्तर्गत खोरेत रोगको सर्भिलेन्स (FMD Surveillance) कार्य देहायअनुसार गरिनेछ।

१.१ नियमित सर्भिलेन्स (FMD Regular Surveillance Program-Active/Passive) कोशी प्रदेशको सबै जिल्लामा सञ्चालन गरिनेछ। यसको लागि पशु सेवा शाखाले विज्ञ केन्द्रको समन्वयमा जोखिम विश्लेषणको आधारमा सर्भिलेन्स रुट तयार पारी प्रत्येक महिनामा एक पटक Active/Passive सर्भिलेन्स तथा सोको प्रतिवेदन विज्ञ केन्द्र प्रेषण गर्नु पर्नेछ,

१.२ वन्यजन्तु तथा मध्यवर्ति क्षेत्रमा सर्भिलेन्स (FMD Surveillance in wildlife/buffer area-Active/Passive) कार्य रोगको जोखिम रहेको वन तथा मध्यवर्ति क्षेत्रमा मात्र बुदाँ नं. (१.१) अनुसार नै सञ्चालन गरिनेछ। यस कार्यालयका लागि सम्बन्धित वन्यजन्तुसंग सम्बद्ध निकायसंग समन्वय गर्नु पर्नेछ।

१.३ रोगको न्यून जोखिम क्षेत्रमा एन्.एस्.पी. सर्भिलेन्स (NSP Surveillance in low-risk area) कार्य जोन तथा रोगको न्यून जोखिम रहेको जिल्लाहरुमा खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला, काठमाडौंको समन्वय र सहयोगमा विज्ञ केन्द्रले सञ्चालन गर्नु पर्नेछ।

प्रमुख सचिव

१.४ जोन तथा बफरजोन क्षेत्रमा सघन खोरेत रोगको सिरो-सर्भिलेन्स/सिरो-मोनिटरिङ्ग (Intensive FMD Sero-surveillance/Sero-monitoring in Zone and Buffer zone area) कार्य खोरेत रोगको घोषित जोन तथा बफरजोन क्षेत्रमा खोप लगाएको २१ दिन पछि सञ्चालन गरिनेछ। यसका लागि स्थानीय तहले नमूना संकलन गर्नुपर्नेछ भने प्रयोगशाला तथा विज्ञ केन्द्रस्थित प्रयोगशालाले नमूना परीक्षण र सो को प्रतिवेदन तयारी गर्नुपर्नेछ।

१.५ खोरेत रोगको सिरो-मोनिटरिङ्ग (FMD Sero-monitoring) कार्य कोशी प्रदेशको सबै जिल्लामा खोप लगाएको २१ दिन पछि सञ्चालन गरिनेछ। यसका लागि स्थानीय तहले नमूना संकलन गर्नुपर्नेछ भने प्रयोगशाला तथा विज्ञ केन्द्रस्थित प्रयोगशालाले नमूना परीक्षण र सो को प्रतिवेदन तयारी गर्नु पर्नेछ।

(२) उपखण्ड (१) को बुँदा नं. १.३, १.४ र १.५ बमोजिमको सर्भिलेन्स कार्य अन्तर्गत नमूना संकलन गर्न स्थानीय तहले प्राविधिक व्यवस्थापन देहायको तीन तरिकाबाट गर्न सक्नेछः-

२.१ नमूना संकलन गर्न निश्चित अवधिका लागि नमूना संख्याको आधारमा प्राविधिक नियुक्त गर्ने,

२.२ वर्षभरी नै नमूना संकलन गर्नका लागि प्राविधिक नियुक्त गरी वा परामर्श सेवा खरिद गर्ने,

२.३ पशु सेवा शाखाको प्राविधिक तथा संघीय सर्शत अनुदान कार्यक्रम अन्तर्गत नियुक्त प्राविधिकहरु परिचालन गर्ने।

(३) विज्ञ केन्द्र स्थित प्रयोगशालामा नमूना परीक्षण गर्नका लागि विज्ञ जनशक्ति आवश्यक परेमा परामर्श सेवा खरिद मार्फत ल्याब टेक्निसियनको व्यवस्था गर्न सकिनेछ।

(४) नमुना संकलन कार्यमा खटिने प्राविधिकहरुलाइ खोरेत रोग सर्भिलेन्स, अन्वेषण र गुणस्तरिय नमूना संकलन, संरक्षण, कोडिङ, प्रेषण सम्बन्धि विज्ञ केन्द्रले अभिमुखिकरण गर्नु पर्नेछ।

(५) सर्भिलेन्स कार्यका लागि अनसूची-९ बमोजिमको सामाग्रीहरु खरिद तथा व्यवस्थापन गर्नु पर्नेछ।

(६) सर्भिलेन्स कार्यबाट संकलन गरिएका नमूनाहरु प्रयोगशाला वा विज्ञ केन्द्र स्थित प्रयोगशालामा परीक्षण गरिनेछ र सोही अनुसार प्रगति तयारी तथा प्रेषण गर्नु पर्नेछ।

(७) सर्भिलेन्स कार्यका लागि विभागद्वारा तयार गरिएको 'खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका २०८१' पालना गर्नु पर्नेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(८) सर्भिलेन्स कार्यको पारिश्रमिक सम्बन्धी व्यवस्था दफा ३२ बमोजिम हुनेछ।

(छ) रोग अन्वेषण, आकस्मिक उपचार तथा नियन्त्रणः

(१) प्रदेशको कुनै व्यवसायिक पशु फार्म वा पशु पालन क्षेत्रमा खोरेत रोगसँग मिल्दोजुल्दो रोग आकास्मिक रुपमा देखा परेमा स्थानीय तह, विज्ञ केन्द्र र प्रयोगशाला मिलेर रोगको अन्वेषण, आकस्मिक उपचार तथा नियन्त्रण (FMD Outbreak Investigation, Treatment and Control) कार्य गर्नु पर्नेछ।

(२) खोरेत रोगसँग मिल्दोजुल्दो लक्षण देखा पर्ने बित्तिकै पशु सेवा शाखाले अनसूची-१० बमोजिमको रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report) तयार गरी विज्ञ केन्द्र, प्रयोगशाला, निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(३) बुँदा नं. (ख) अनुसारको प्रतिवेदन प्राप्त गरिसकेपछि निर्देशनालयले अनसूची-११ बमोजिमको प्रदेशस्तरीय आकास्मिक रोग अन्वेषण टोली (Provincial Emergency Disease Investigation Team- PEDIT) को बैठक राख्नु पर्नेछ र बैठकद्वारा रोग निदान तथा नियन्त्रण सम्वन्धि गरिएको निर्णय कार्यान्वयन गराउनु पर्नेछ।

(४) रोग नियन्त्रणका लागि आयोजना कार्यान्वयन इकाईले विज्ञ केन्द्र माफर्त स्थानीय तहलाई आवश्यकता अनुसार औषधी, खोप तथा लजिस्टिक उपलब्ध गराउनु पर्नेछ।

(५) रोग नियन्त्रणका लागि आवश्यकता अनुसार चक्रिय खोप (Ring Vaccination) गर्नु पर्नेछ।

(६) रोगको अन्वेषण तथा ईपिडेमियोलोजिकल अध्ययन कार्यमा सहयोग पुर्याउनका लागि आयोजना कार्यान्वयन ईकाईले परामर्श सेवा मार्फत ईपिडेमियोलोजिस्टको व्यवस्थापन गर्न सक्नेछ। यस कार्यका लागि पशु सेवा विभाग वा अन्य दातृ संस्थासंग प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सहयोग समेत लिन सक्नेछ।

(ज) <u>पशु हाटबजारमा खोप कार्य संचालनः</u>

(१) स्थानीय तहले रोग नियन्त्रणका लागि आफ्नो क्षेत्रको पशु हाटबजारमा प्रत्येक हाटबजारको दिन हाटबजार सञ्चालक समितिको सहकार्यमा खोरेत विरुद्धको खोप कार्य संचालन गर्नु पर्नेछ।

(२) खोप कार्य सञ्चालनका लागि पशु सेवा शाखाले खोप, खोपकर्ता तथा लजिस्टिकको व्यवस्था गर्नु पर्नेछ।

(३) पशु सेवा शाखालाई खोप सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट उपलब्ध हुनेछ।



प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

(४) खोपकर्ताको पारिश्रमिक तथा लजिस्टिक सम्बन्धी खर्च व्यवस्थापनको लागि स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरी कृषक/व्यापारीबाट प्रति पशु केही शुल्क उठाउन सक्नेछ।

(५) हाटबजारमा खोप कार्य सञ्चालनका लागि स्थानीय तहले ट्रेभिस लगायतको आवश्यक संरचना निर्माण गर्नु पर्नेछ।

(झ) प्रयोगशाला सञ्चालन तथा सहयोगः

(१) आयोजना अन्तर्गत विज्ञ केन्द्रमा खोरेत रोग सम्बन्धी नमूना परीक्षणको लागि प्रयोगशाला व्यवस्थापन गरिनेछ।

(२) खण्ड (क) बमोजिम स्थापना हुने प्रयोगाशाला सञ्चालनका लागि आवश्यक पर्ने मेशिनरी, उपकरण, रिएजेन्ट, किट लगायतका अन्य आवश्यक प्रयोगशाला सामाग्रीहरु खरिद गरिनेछ।

(३) खोरेत रोगको अन्वेषण तथा सर्भिलेन्स कार्यमा सहयोग लिन तथा परिचालन गर्नका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, विराटनगरलाई निर्देशनालयले आवश्यक उपकरण, रिएजेन्ट, किट लगायतका अन्य प्रयोगशाला सामाग्रीहरु खरिद गरी हस्तान्तरण गर्न सक्नेछ।

(४) खोरेत रोगको अन्वेषण तथा सर्भिलेन्स कार्यमा निर्देशनालय तथा विज्ञ केन्द्रले रिफ्रेन्स प्रयोगशालाको सहयोग समेत लिन सक्नेछ।

(ञ) निगरानी समूह तथा निगरानी केन्द्र व्यवस्थापनः

(१) जोन तथा कम्पार्टमेन्ट क्षेत्रमा स्थानीय तहले अवैध तथा रोगी पशुहरुको आवतजावत नियन्त्रण गर्न निगरानी समूह गठन तथा परिचालन गर्न सक्नेछ।

(२) पशु सेवा शाखाले निगरानी समूह गठन तथा व्यवस्थापनमा सहजीकरण गर्नेछ। साथै निगरानी समूहको बैठक खर्च तथा अन्य खर्चको व्यवस्थापन समेत पशु सेवा शाखाले गर्नेछ।

(३) स्थानीय तहले आवश्यकता बमोजिमको संख्या र ठाउँमा निगरानी केन्द्र स्थापन र यसका लागि आवश्यक संरचना निर्माण गर्न सक्नेछ।

(४) संघिय सरकारबाट अस्थायी क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको खण्डमा सोको लागि चाहिने आवश्यक संरचना निर्माण तथा व्यवस्थापन स्थानीय तहले गर्नु पर्नेछ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

(५) निगरानी केन्द्र सञ्चालन गर्नका लागि स्थानीय तहले आवश्यकता अनुसार स्वयंसेवक खटाउन सक्नेछ। स्वयंसेवकलाई दफा ३३ बमोजिमको न्यूनतम पारिश्रमिक उपलब्ध गराउन सकिनेछ।

(६) खण्ड (३) र (४) बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश मन्त्रालय, आयोजना कार्यान्वयन इकाई तथा विज्ञ केन्द्रले स्थानीय तहलाई आवश्यक सहयोग गर्नेछ।

(ट) <u>आधारभूत सर्भेक्षणः</u>

(१) जोनिङ्ग गरिने क्षेत्रमा निर्देशनालयले खोरेत रोगको विगत तथा वर्तमान अवस्था र सो रोगसंग सम्बन्धित विषयमा आयोजना सञ्चालन भएको पहिलो वर्षमै आधारभूत सर्भेक्षण गर्नु पर्नेछ।

(२) जोनिङ्ग बाहेकका अन्य क्षेत्रमा समेत खण्ड (क) अनुसार नै सर्भेक्षण गर्न सकिनेछ।

(३) सर्वेक्षणबाट प्राप्त तथ्यांक तथा विवरण अनुसार रोग नियन्त्रण रणनीति तथा योजना तर्जुमा गर्नु पर्नेछ।

(ठ) <u>खोरेत रोग सम्बन्धी प्रचार प्रसार सामाग्री तयारीः</u> खोरेत रोग सम्बन्धी कृषक तथा सरोकारवालाबीच जनचेतना अभिवृद्धि गर्नका लागि देहाय बमोजिमका सामाग्री तयारी, छपाई तथा वितरण गरिनेछः-

१. आयोजनाको परिचय पुस्तिका

२. खोरेत रोग सम्बन्धी पोस्टर, पम्पलेट, होर्डिङ्ग बोर्ड, लिफलेट, बुकलेट

३. आयोजना सम्बन्धी डायरी, ब्याग

४. अन्य आवश्यक प्रसार समाग्री

(ड) <u>खोरेत रोग सम्बन्धी अडियो भिडियो सामाग्री तयारी तथा प्रसारणः</u> खोरेत रोग सम्बन्धी कृषक तथा सरोकारवालाबीच जनचेतना अभिवृद्धि गर्नका लागि देहाय बमोजिमका अडियो तथा भिडियो सामाग्री तयारी तथा प्रसारण गरिनेछ।

१. आयोजना सम्बन्धी रेडियो/एफ.एम्. बाट जिङ्गल प्रसारण
२. खोरेत रोग सम्बन्धी रेडियोबाट जनचेतनामूलक सामाग्री प्रसारण
३. आयोजना तथा खोरेत रोग सम्बन्धी भिडियो सामाग्री तयारी तथा प्रसारण
४. अन्य आवश्यक प्रसार समाग्री

(ढ) अवलोकन भ्रमणः

(१) अन्य प्रदेशहरुले सञ्चालन गरेको रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरुको अवलोकन तथा छलफल गर्न आन्तरिक भ्रमण तथा ट्राभलिङ्ग सेमिनार जस्ता कार्यक्रम प्रदेश मन्त्रालय, निर्देशनालय वा विज्ञ केन्द्रबाट सञ्चालन गर्न सकिनेछ।

(२) छिमेकी देशहरुमा खोरेत रोग नियन्त्रणसंग सम्बन्धित कार्यक्रमहरु वा खोरेतमुक्त क्षेत्रको अवलोकन भ्रमण सम्बन्धी कार्यक्रमहरु समेत सञ्चालन गर्न सकिनेछ।

(ण) अन्य कार्यक्रमः यस परिच्छेदमा उल्लेखित शिर्षक अन्तर्गत पर्ने बाहेकका खोरेत रोगसंग सम्बन्धित अन्य कार्यक्रम/क्रियाकलापहरु समेत सञ्चालन गर्नुपर्ने अवस्थामा आयोजनाको वार्षिक योजना तथा बजेटमा समावेश गरी त्यस्ता अन्य नयाँ कार्यक्रम/क्रियाकलाप समेत नियमानुसार सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद- ६

## खोरेत मुक्त जोन घोषणा तथा प्रमाणीकरण प्रकृया

२६. खोरेत रोग नियन्त्रण तथा रोग मुक्त अवस्थाः विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड तथा जोनिङ्गको सिद्धान्त अनुरुप तोकिएको क्षेत्रमा पशुहरुलाई अभिलेखीकरण प्रणालीमा आबद्ध गरी विशेषतः गाई/भैंसीमा र अन्य जोखिमयुक्त पशुहरुमा समेत खोरेत विरुद्ध खोपको सघन प्रयोग, जैविक सुरक्षा विधिको अवलम्बन, जोखिम क्षेत्रबाट पशु आवतजावतमा नियन्त्रण तथा असल पशुपालन अभ्यासको अवलम्बन मार्फत खोरेत रोग नियन्त्रण तथा रोग मुक्त अवस्था कायम गरिनेछ।

२७. जोनिङ्ग तथा जोन क्षेत्रमा कार्य संचालनः (१) कोशी प्रदेशमा जोन क्षेत्रको सिमा निर्धारण तथा उक्त क्षेत्रमा जोखिम विश्लेषण, ओसारपसार नियन्त्रण, सर्भिलेन्स तथा रोग नियन्त्रण सम्बन्धी सम्पूर्ण कार्यहरु नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी 'जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८' बमोजिम गरिनेछ।

(२) जोन क्षेमा रोग नियन्त्रण सम्बन्धि कार्य संचालन गर्दा नेपाल सरकारद्वारा जारी खोरेत रोग नियन्त्रण सम्बन्धी अन्य कानुनी दस्तावेज समेत पालन गरिनेछ।

२८. खोरेत मुक्त क्षेत्र घोषणा तथा प्रमाणीकरणः (१) विश्व पशु स्वस्थ्य संगठनको मापदण्ड बमोजिम खोरेत मुक्त क्षेत्र घोषणा खोप लगाएर वा नलगाएर गर्न सकिनेछ र प्रदेश मन्त्रालयले आवश्यकता अनुसार जोन क्षेत्रमा दुई मध्ये कुनै एक विधि अवलम्बन गर्न सक्नेछ।

प्रमुख सचिव

(२) विश्व पशु स्वस्थ्य संगठनको मापदण्ड बमोजिम खोरेत मुक्त जोन क्षेत्रको रुपमा समावेश हुनका लागि देहायको आवश्यक योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) पशु रोग सम्बन्धी नियमित तथा द्रुत सूचना सम्प्रेषण प्रणाली अपनाएको,

(ख) विगत २ वर्षसम्म खोरेत रोगको संक्रमण नदेखिएको,

(ग) विगत १२ महिना देखि खोरेतको भाईरस नसरेको (No Transmission) प्रमाण हुनुपर्ने।

(३) सर्भिलेन्समा आधारित भइ निर्धारित जोन क्षेत्रमा खोरेत रोग नभएको विभागले घोषणा गरी विश्व पशु स्वास्थ्य संगठनलाई पठाउनुपर्नेछ र यसमा प्रदेश मन्त्रालयले सहयोग गर्नु पर्नेछ।

(४) खोरेत मुक्त क्षेत्र प्रमाणीकरणका लागि प्रदेश मन्त्रालयले विभागमा देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछः-

(क) WOAH (OIE) Terrestrial Animal Health Code (2024) को Article 8.8.40 देखि 8.8.42 बमोजिम खोरेत रोगको सर्भिलेन्स गरिएको र रोग नभेटिएको प्रमाण,

(ख) खोप नलगाएको पशुहरुमा रोग नभेटिएको (NSP Sero-surveillance) प्रमाण,

(ग) खोप लगाएका पशुहरुमा रोग नसरेको प्रमाण,

(घ) रोगको रोकथाम तथा अग्रिम पहिचानका लागि उपयुक्त नियमन विधिहरु अपनाईएको प्रमाण,

(ङ) पशुहरुमा पर्याप्त खोपको कभरेज तथा प्रतिरोधात्मक क्षमता हासिल गर्न लक्षित पशुसंख्यामा अनिवार्य खोप प्रणाली अपनाईएको प्रमाण,

(च) उपयुक्त स्ट्रेनको छनौट गरी खोप लगाईएको प्रमाण।

(५) उपदफा (४) अनुसार थप विषयहरुको विस्तृत ब्याख्या तथा यसको कार्यान्वयन र सुपरिवेक्षण गरिएको देहायका कागजात प्रमाण समेत प्रदेश मन्त्रालयले विभागमा पेश गर्नु पर्नेछ।

(क) प्रस्तावित खोरेत मुक्त जोनको सिमा,
(ख) संरक्षित जोन भएमा यसको सिमा तथा अपनाईएको विधिहरु,
(ग) प्रस्तावित जोन क्षेत्रमा खोरेत भाईरस प्रवेश नियन्त्रणको प्रणाली (WOAH (OIE) Terrestrial Animal Health Code (2024) को Article 8.8.8, 8.8.9 र 8.8.12 बमोजिम),
(घ) प्रस्तावित जोन क्षेत्रमा जोखिमयुक्त पशु तथा पशुजन्य पद्धार्थको ओसारपसार नियन्त्रण।

(६) WOAH (OIE) Terrestrial Animal Health Code (2024) Chapter 1.11 को ब्यवस्थाका आधारमा पेश गरिएका प्रमाणहरु विश्व पशु स्वास्थ्य संगठनले स्वीकार गरेपश्चात प्रस्तावित जोन खोप मार्फत खोरेत मुक्त जोनको सूचिमा समावेस हुनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

## परिच्छेद- ७
## आर्थिक कार्यविधि

२९. **बजेट व्यवस्थाः** (१) प्रदेश मन्त्रालयले आयोजना सञ्चालनको लागि प्रदेश मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम अनुसार सम्बन्धित निकायमा बजेट व्यवस्थापन गर्नु पर्नेछ।

३०. **पशु ट्यागिङ्ग तथा दर्ता कार्यको पारिश्रमिकः** (१) दफा २५ को खण्ड (क) को उपखण्ड (७) को बुँदा नं. ७.१ बमोजिम पशु पहिचानका लागि ट्यागिङ्ग तथा दर्ता गरे बापत प्राविधिकलाई प्रति पशु सेवा शुल्क वा पारिश्रमिक अनसुची-१२ अनुसार उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट ट्यागिङ्ग गर्ने प्राविधिकलाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

(२) दफा २५ को खण्ड (क) को उपखण्ड (७) को बुँदा नं. ७.२ बमोजिम ट्यागिङ्ग तथा दर्ता कार्यका लागि नियुक्त प्राविधिकलाई कम्तिमा पनि सहायकस्तर चौंथो तहको प्रदेश निजामति कर्मचारीले प्राप्त गर्ने तलब स्केल बराबरको मासिक पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

३१. **खोपकर्ताको पारिश्रमिकः** (१) दफा २५ को खण्ड (ङ) को उपखण्ड (१) को बुँदा नं. १.१ बमोजिम नियुक्त खोपकर्तालाई खोप लगाए बापत प्रति पशु सेवा शुल्क वा पारिश्रमिक अनसुची-१३ अनुसार उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट खोपकर्तालाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

(२) दफा २५ को खण्ड (ङ) को उपखण्ड (१) को बुँदा नं. १.२ बमोजिम नियुक्त डेडिकेटेड भ्याक्सीनेटरलाई कम्तिमा पनि सहायकस्तर चौंथो तहको प्रदेश निजामति कर्मचारिले प्राप्त गर्ने तलब स्केल बराबरको मासिक पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट खोपकर्तालाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

३२. **सर्भिलेन्स कार्यको पारिश्रमिकः** (१) दफा २५ को खण्ड (च) को उपखण्ड (१) को बुँदा नं. १.१ र १.२ बमोजिम सञ्चालन गरिने सर्भिलेन्स कार्यको लागि प्राविधिकलाई प्रत्येक पटकको यातायात खर्च बापत रु. २०००/- (रु. दुई हजार मात्र) उपलब्ध गराउनु पर्नेछ।

(२) दफा २५ को खण्ड (च) को उपखण्ड (२) को बुँदा नं. २.१ बमोजिम नियुक्त प्राविधिकलाई नमूना संकलन गरे बापत प्रति नमूना सेवा शुल्क वा पारिश्रमिक अनसुची-१४ अनुसार उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट नमूना संकलन गर्ने प्राविधिकलाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

(३) दफा २५ को खण्ड (च) को उपखण्ड (२) को बुँदा नं. २.२ बमोजिम नियुक्त प्राविधिकलाई कम्तिमा पनि सहायकस्तर चौथो तहको प्रदेश निजामति कर्मचारिले प्राप्त गर्ने तलब स्केल बराबरको मासिक पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट खोपकर्तालाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

३३. **स्वयंसेवकको पारिश्रमिक:** दफा २५ को खण्ड (ञ) को उपखण्ड (५) बमोजिम खटाइने स्वयंसेवकलाई स्थानीय तहले सहायकस्तर चौंथो तहको प्रदेश निजामति कर्मचारिले प्राप्त गर्ने तलब स्केल नबढ्ने गरी दुवै पक्षको सहमतिमा न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

३४. **खोपकर्ताको बीमा सम्बन्धी व्यवस्था:** स्थानीय तहले खोपकर्ताका लागि खोप सेवा सञ्चालन करार अवधिभरका लागि दुर्घटना बीमा गर्ने व्यवस्था मिलाउन सक्नेछ।

३५. **कार्यक्रम सञ्चालनको आर्थिक नर्म्स:** (१) आयोजना अन्तर्गत तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नु पर्नेछ।

(२) कार्यक्रमका सञ्चालन लागि खरिद गरिने सामाग्री तथा सेवा र अन्य व्यवस्थापकिय खर्च स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित आर्थिक कानून/मापदण्ड अनुसार गर्नु पर्नेछ।

## परिच्छेद- ८

## विविध

३६. **अनुगमन मूल्यांकन र प्रगति प्रतिवेदन:** (१) यस आयोजनाको अनुगमन मूल्यांकन प्रदेश मन्त्रालय, निर्देशनालय, विभाग, विज्ञ केन्द्रले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन मूल्यांकन कार्य छुट्टाछुट्टै वा संयुक्त रुपमा गर्न सकिनेछ।

(३) सबै निकायले माथिल्लो निकायमा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ।

३७. **समन्वय र सहयोग:** आयोजना सञ्चालनमा संलग्न संघीय, प्रादेशिक तथा स्थानीय तहका सबै निकायहरुले आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ।

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

प्रमुख सचिव

३८. **प्रचलित कानून लागू हुने:** यस कार्यविधि बमोजिमका कार्यक्रम वा क्रियाकलाप सञ्चालन गर्दा यस कार्यविधि र प्रचलित कानून बमोजिम तथा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम क्रियाकलाप सञ्चालन गरिनेछ।

३९. **संशोधन तथा बाधा अडकाउ फुकाउ:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि प्रदेश मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-१

(दफा ७ को खण्ड (क) संग सम्बन्धित)

### खोरेत रोग विरुद्धको खोप तालिका

| क्र.सं. | प्रति पशु खोप लगाउने पटक | प्रजाति | |
|---|---|---|---|
| | | गाई, भैंसी तथा भेडा, बाख्रा | सुंगुर/बंगुर |
| १. | पहिलो पटक | ४ महिनाको उमेर पुगे पछि | २ महिनाको उमेर पुगे पछि |
| २. | दोस्रो पटक | पहिलो पटक खोप लगाएको १ महिना पछि | पहिलो पटक खोप लगाएको १ महिना पछि |
| ३. | पुनः खोप | प्रत्येक ६-६ महिनामा | प्रत्येक ६-६ महिनामा |

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-२

(दफा ७ को खण्ड (ङ) संग सम्बन्धित)

**खोपकर्ताको मापदण्ड**

१. खोप लगाउनका लागि खोपकर्ता/भ्याक्सीनेटरको रुपमा देहायअनुसारका प्राविधिकहरुलाई नियुक्त गर्नु पर्नेछ।

(क) ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.का.)

(ख) कम्यूनिटी लाइभस्टक एशिसटेन्ट (सि.एल.ए.)

(ग) भेटेरिनरी जुनियर टेक्निकल एशिसटेन्ट (भि.जे.टी.ए.)

(घ) भेटेरिनरी जुनियर टेक्निसियन (भि.जे.टी.)

(ङ) पशु चिकित्सक (प.चि.)

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

# अनुसूची-३

(दफा ७ को खण्ड (च) संग सम्बन्धित)

## खोप कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक लजिस्टिक

१. सिरिन्ज र निडिल
२. ग्लोभ्स
३. कटन, गज
४. स्प्रिट
५. एप्रोन, मास्क, हेडकवर
६. डिस्इन्फेक्टेन्ट
७. सेनिटाईजर
८. खोप कार्ड
९. स्टेशनरी सामाग्रीहरु
१०. गमबुट
११. कुल बक्स
१२. खोप विवरण सम्बन्धी फारमहरु
१३. रेनकोट, झोला
१४. खोप लगाइसकेका पशु पहिचान गर्ने सामाग्री
१५. खोप कार्यका लागि अन्य आवश्यक सामाग्री

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-४

(दफा २५ को खण्ड (क) को उपखण्ड (८) संग सम्बन्धित)

## पशु पहिचान तथा दर्ता कार्यका लागि द्विपक्षिय सम्झौता-पत्र

खोरेत रोग नियन्त्रण आयोजना अन्तर्गत आ.व. ................. को स्वीकृत कार्यक्रम अनुसार **"पशु पहिचान तथा दर्ता कार्यक्रम"** सञ्चालन गर्नका लागि ..........................................................कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र श्री ...................................................................(यसपछि दोश्रो पक्ष भनिएको) बीच तपशिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुरी भई यो द्विपक्षिय सम्झौता गरी एक-एक प्रति आपसमा बुझिलियौं/दियौं।

तपशिलः

१. पशु पहिचान तथा दर्ता कार्यक्रम.................. जिल्ला ....................... गा.पा./ना.पा.मा सञ्चालन गरिनेछ।

२. दोश्रो पक्षले उपरोक्त क्षेत्रमा पशुहरुलाई ट्यागिङ्ग तथा अभिलेखीकरण गरी पहिलो पक्षले उपलब्ध गरेको सफ्टवेयरमा इन्ट्री समेत गर्नुपर्नेछ।

३. प्रथम पक्षले दोश्रो पक्षलाई ट्यागिङ्ग तथा अभिलेखीकरण कार्यका लागि ट्याग, ट्यागिङ्ग मेशिन, अभिलेख फर्मेट लगायतका आवश्यक सामाग्री उपलब्ध गराउनेछ।

४. दोश्रो पक्षले सम्झौता भए पश्चात मिति .......................सम्ममा कार्य सम्पन्न गरी सम्बन्धित वडा कार्यालयबाट अभिलेख प्रमाणित गराई प्रथम पक्षलाई उपलब्ध गराउनेछ।

५. प्रथम पक्षले ट्यागिङ्ग तथा अभिलेखीकरण गरे बापत दोश्रो पक्षलाई प्रति पशु रु...........(अक्षरेपी रु. ................ ..............मात्र) उपलब्ध गराउनेछ।

६. दोश्रो पक्षले कार्य सञ्चालन गर्दा प्रथम पक्षले दिएको निर्देशनहरु पालना गर्नुपर्नेछ।

७. ट्यागिङ्ग कार्य गर्दा चोटपटक वा कुनै भवितव्य घटना भएमा सोको पूर्ण जिम्मेवारी दोश्रो पक्षकै हुनेछ।

८. यस सम्झौतामा उल्लेख हुन छुट भएका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रथम पक्षको तर्फबाटः**

दस्तखतः

नामः

पदः

छापः

**दोस्रो पक्षको तर्फबाटः**

दस्तखतः

नामः

पदः

सम्पर्क नं.-

**रोहवर**

दस्तखतः

नामः

पदः

दस्तखतः

नामः

इति सम्वत ........... साल ..................... महिना ...... गते रोज ...... शुभम् ....................

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

# अनुसूची-५

(दफा २५ को खण्ड (क) को उपखण्ड (११) संग सम्बन्धित)

## पशु पहिचानका लागि ट्यागिङ्गको विवरण कम्पाइलेसन फारम

स्थानीय तहको नाम : जिल्लाः आ.व. :

| सि.नं. | पशुधनीको नाम | वडा नं. | पशुको किसिम | जात | उमेर (वर्ष/महिना) | खोरेत खोपको प्रयोग गरेको (छ/छैन) | उत्पादन क्षमता (दुध/मासु) | प्रयोग भएको ट्यागको नं. | कृषकको सही |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| ट्यागिङ्ग गर्नेको सही : | सिफारिस गर्ने प्राविधिकको सही : | प्रमाणित गर्ने वडा अध्यक्षको सही : |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| मितिः | मितिः | मितिः |
| | छापः | छापः |

*नोटः पशुको किसिम भन्नाले गाई/भैंसी/याक/भेंडा/बाखा/बंगुर लाई जनाउँदछ।*

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश

प्रमुख सचिव

## अनुसूची-६

(दफा २५ को खण्ड (ङ) को उपखण्ड (२) संग सम्बन्धित)

## खोपकर्ता/भ्याक्सीनेटरसंग गरिने द्विपक्षिय सम्झौता-पत्र

खोरेत रोग नियन्त्रण आयोजना अन्तर्गत आ.व. ...............को स्वीकृत कार्यक्रम अनुसार **"खोरेत विरुद्धको खोप कार्यक्रम "** सञ्चालन गर्नका लागि ...............................................................कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र श्री ...............................................................(यसपछि दोश्रो पक्ष भनिएको) बीच तपशिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुरी भई यो द्धिपक्षिय सम्झौता गरी एक-एक प्रति आपसमा बुझिलियौं/दियौं।

तपशिलः

१. खोरेत विरुद्धको खोप कार्यक्रम.................. जिल्ला ....................... गा.पा./ना.पा.मा सञ्चालन गरिनेछ।
२. दोश्रो पक्षले खोप कार्य सञ्चालन प्रथम पक्ष तथा सम्बन्धित विज्ञ केन्द्रको निर्देशन बमोजिम गर्नुपर्नेछ।
३. दोश्रो पक्षले खोप लगाईसकेपछि प्रथम पक्षबाट उपलब्ध फर्मेटमा अभिलेख राखी सम्बन्धित वडा कार्यालयबाट अभिलेख प्रमाणित गराउनेछ।
४. प्रथम पक्षले आफूले खोप कार्य सञ्चालन गर्ने मिति र समयबारे प्रथम पक्षलाई अग्रिम जानकारी गराउनुपर्नेछ।
५. प्रथम पक्षले खोप कार्यका लागि आवश्यक खोप तथा लजिस्टिक दोश्रो पक्षलाई उपलब्ध गराउनेछ।
६. दोश्रो पक्षले सम्झौता भए पश्चात मिति .......................सम्ममा खोप कार्य सम्पन्न गरिसक्नुपर्नेछ।
७. प्रथम पक्षले दोश्रो पक्षलाई खोप कार्य सञ्चालन गरेबापत नियमानुसारको पारिश्रमिक उपलब्ध गराउनेछ।
८. खोप लगाउने क्रममा चोटपटक वा कुनै भवितव्य घटना भएमा सोको पूर्ण जिम्मेवारी दोश्रो पक्षकै हुनेछ।
९. यस सम्झौतामा उल्लेख हुन छुट भएका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रथम पक्षको तर्फबाटः

दस्तखतः

नामः

पदः

छापः

दोस्रो पक्षको तर्फबाटः

दस्तखतः

नामः

पदः

सम्पर्क नं.-

रोहवर

दस्तखतः

नामः

पदः

दस्तखतः

नामः

इति सम्वत ........... साल ..................... महिना ....... गते रोज ...... शुभम् .....................

प्रदेश सचिव



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-७

(दफा २५ को खण्ड (ङ) को उपखण्ड (८) संग सम्बन्धित)

### खोरेत रोग नियन्त्रण आयोजना

कोशी प्रदेश, नेपाल

# खोरेत खोप अभिलेख फारम/खोप विवरण

आ.व.२०....../......

स्थानीय तहको नामः .................................. स्थानीय तह कोडः .............. जिल्लाः .............. जिल्ला कोडः ..............

भ्याक्सिनेशन अवधिः........................देखि..........................सम्म

| क्र.सं. | कृषकको नाम | ठेगाना | कृषकसंग भएको पशु संख्या | | | | | | खोप लगाईएको पशु संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | गाई जाति | भैंसी जाति | बाख्रा जाति | भेंडा जाति | बङ्गुर जाति | जम्मा | गाई जाति | भैंसी जाति | बाख्रा जाति | भेंडा जाति | बङ्गुर जाति | जम्मा | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

| भ्याक्सिनेसन गरेको व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने स्थानीय तह/वडाको प्रतिनिधिकोः | भ्याक्सिनेटर/खोपकर्ताकोः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | सम्पर्क नं.- |

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची-८

(दफा २५ को खण्ड (ङ) को उपखण्ड (९) संग सम्बन्धित)

....................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

....................जिल्ला, कोशी प्रदेश

## खोरेत खोप कार्ड

पशुधनीको नाम : सम्पर्क मोबाईल नम्बर :

ठेगाना :................................वडा न :............टोल :....................

| क्र.सं. | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान चिन्ह/ट्याग नं. | उमेर | खोपको नाम (Trade Name) | खोप लगाएको मिति | अर्को पटक खोप लगाउने मिति | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

खोपकर्ताको सही :................. कृषकको सही :.................

खोपकर्ताको नामः

मितिः

सम्पर्क नं.-

*(नोटः यस पेजमा भएको हरफ नपुगेमा यसै कार्डको पछाडिको पेज प्रयोग गर्नुहोला। प्रदेशभरी एकरुपताको लागि यो कार्ड पहेंलो रंगको कागजमा छपाउने।)*

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

# अनुसूची-९

(दफा २५ को खण्ड (च) को उपखण्ड (५) संग सम्बन्धित)

## सर्भिलेन्स कार्यका लागि आवश्यक सामाग्री

१. सिरिन्ज र निडिल
२. ग्लोभ्स
३. कटन, गज
४. स्प्रिट
५. एप्रोन, मास्क, हेडकवर
६. डिस्इन्फेक्टेन्ट
७. सेनिटाईजर
८. विभिन्न किसिमका फरसेप
९. स्टेशनरी सामाग्रीहरु
१०. गमबुट
११. कुल बक्स
१२. सर्भिलेन्स फारम
१३. रेनकोट, झोला
१४. Viral Transport Medium (VTM)
१५. Gel clot Vacutainer
१६. Serum Vial
१७. Cryobox
१८. FMD Rapid Test Kit
१९. FMD NSP ELISA Kit
२०. FMD Sero-monitoring Kit
२१. सर्भिलेन्स कार्यका लागि अन्य आवश्यक सामाग्री

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-१०

(दफा २५ को खण्ड (छ) को उपखण्ड (२) संग सम्बन्धित)

## रोगको इपिडेमियोलोजिकल अध्ययन प्रतिवेदन (Disease Epidemiological Flash Report)

पशु वस्तुमा खोरेतसँग मिल्दोजुल्दो रोग/महामारी फैलिएको क्षेत्रबाट संकलन गरी प्रेषण गर्नु पर्ने विवरणः

- रोग देखा परेको क्षेत्रः
- रोग देखा परेको क्षेत्रको भौगोलिक अवस्थाः
- रोग देखा परेको फार्म/न.पा./गा.पा. र व्यक्तिगत विवरणः
- रोग देखा परेको पशुको किसिमः
- रोग देखा परेको पशुको जात/नक्षः
- रोग देखा परेको पशुको उमेरः
- बिरामी पशुको संख्याः
- मरेको पशुको संख्याः
- जोखिममा रहेको पशुको संख्याः
- रोगको इपिडेमियोलोजी सम्बन्धि विवरणः
  - ✓ रोगको लक्षणः
  - ✓ रोग पहिलो पटक देखा परेको मिति र समयः
  - ✓ रोगको सम्भावित श्रोतः
  - ✓ रोगी पशुको लागि दाना पानीको प्रबन्धः
  - ✓ रोग देखा परेका फर्म वा परिसरबाट भएको जनावरको ओसार पसार (भित्र वा वाहिर) रोग देखा पर्नु भन्दा एक हप्ता अघिदेखिः
  - ✓ रोगको फैलावटको नक्सा वा क्रमः
  - ✓ आवतजावत नियन्त्रणमा गरिएको प्रबन्धः
  - ✓ रोग सम्बन्धि अन्य सुचना वा जानकारीः
  - ✓ रोग नियन्त्रण गर्न गरिएको प्रयासः
  - ✓ रोगको पहिचान गर्न संकलित नमुना र नमुना पठाएको प्रयोगशालाः
- रोगको वर्तमान अवस्थाः
- शंका गरीएको रोगः
- रोगको नियन्त्रणमा सहभागी प्रमुख व्यक्तिको नाम तथा फोन नं.-

**रिपोर्ट तयार गर्नेकोः**

दस्तखतः

नाम, थरः

पदः

मितिः

कार्यालयको छापः

**रिपोर्ट रुजु गर्नेकोः**

दस्तखतः

नाम, थरः

पदः

मितिः

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-११

(दफा २५ को खण्ड (छ) को उपखण्ड (३) संग सम्बन्धित)

### आकास्मिक रोग अन्वेषण टोली ( PEDIT)

- रोग निदान तथा नियन्त्रण सम्बन्धि निर्णय तथा कार्य गर्न गराउन निर्देशनालयमा देहायअनुसारको आकास्मिक रोग अन्वेषण टोली (Provincial Emergency Disease Investigation Team-PEDIT) रहनेछ।

  (क) निर्देशक, निर्देशनालय - संयोजक

  (ख) पशु चिकित्सक/पशु विकास अधिकृत, प्रदेश मन्त्रालय - सदस्य

  (ग) प्रमुख, सम्बन्धित विज्ञ केन्द्र - सदस्य

  (घ) प्रमुख, प्रयोगशाला - सदस्य

  (ङ) पशु चिकित्सक/पशु विकास अधिकृत, निर्देशनालय - सदस्य सचिव

- यस समितिमा आवश्यकता अनुसार दुई जना विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची-१२

(दफा ३० उपदफा (१) संग सम्बन्धित)

**पशु ट्यागिङ्ग तथा दर्ता कार्यको सेवा शुल्क/पारिश्रमिक**

| क.सं. | भौगोलिक क्षेत्र | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (रु. प्रति पशु) |
|---|---|---|---|
| १. | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ५०।(रु. पचास मात्र) |
| | | भेंडा, बाखा | रु. २५।(रु. पच्चिस मात्र) |
| २. | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ४०।(रु. चालिस मात्र) |
| | | भेंडा, बाखा | रु. २०।(रु. बीस मात्र) |

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

अनुसूची-१३

(दफा ३१ को उपदफा (१) संग सम्बन्धित)

**खोपकर्ताको सेवा शुल्क/पारिश्रमिक**

| क.सं. | भौगोलिक क्षेत्र | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (रु. प्रति पशु) |
|---|---|---|---|
| १. | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ३०।(रु. तीस मात्र) |
| | | भेंडा, बाखा | रु. २०।(रु. बीस मात्र) |
| २. | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. २५।(रु. पच्चीस मात्र) |
| | | भेंडा, बाखा | रु. १५।(रु. पन्ध्र मात्र) |

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रमुख सचिव

# अनुसूची-१४

(दफा ३२ को उपदफा (२) संग सम्बन्धित)

## सर्भिलेन्स कार्यको सेवा शुल्क/पारिश्रमिक

| क्र.सं. | भौगोलिक क्षेत्र | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (रु. प्रति पशु) |
|---|---|---|---|
| १. | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. १००।(रु. एक सय मात्र) |
| | | भेंडा, बाखा | रु. ४०।(रु. चालीस मात्र) |
| २. | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ७५।(रु. पचहत्तर मात्र) |
| | | भेंडा, बाखा | रु. २५।(रु. पच्चीस मात्र) |

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल